**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# नेपाली लोकदोहोरीमा आएको विकृति र यसको सांस्कृतिक प्रभाव

**थानेश्वर गौतम**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Thaneshwor Gautam Email: sangeetthanesh@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.80001*

**लेखसार**

*लोकगीत र लोकदोहोरी शैली फरक भएपनि लोकदोहोरी लोक गीतकै विशेष स्वरूप हो । लोकगीत एकल रूपमा गाउन सकिन्छ भने लोकदोहोरी समूहगत गायन हो । यसमा केटा र केटीको दोहोरो उत्तर र प्रतिउत्तर हुने गर्दछ । आजभोलि नेपाली समाजमा लोकदोहोरी अत्यन्त प्रचलित भएको पाइन्छ । हरेक सामाजिक सञ्जाल युट्युबदेखि टेलिभिजनसम्म लोकदोहोरीका कार्यक्रमहरू प्राथमिकताका साथ प्रचारप्रसार भएको पाइन्छ । त्यही नेपाली मौलिक लोकदोहोरी गीतमा आएको विकृतिको कारण नेपाली कला संस्कृतिमा चोट पुगेको छ । यसले गर्दा सामाजिक र नैतिक रूपमा विचलन आएको छ । विकृति भनेको कुनै पनि मौलिकपन अर्थात् मूल चिज वस्तु या परम्परालाई बिगारेर प्रस्तुत गर्नु, तोडमोड गर्नु भन्ने अर्थ लाग्दछ । अहिले लोक दोहोरी संस्कृतिभन्दा पनि व्यापारको रूपमा विकसित भएको छ । उक्त भनाई र यथार्थतालाई प्रष्ट पार्न यो अनुसन्धानात्मक लेख तयार पारिएको छ । नेपाली लोक दोहोरीमा केके विकृतिहरू भित्रिएका छन् ? यस्ता विकृतिहरूले सांस्कृतिक र नैतिक दृष्टिकोणमा के कस्तो असर गरेका छन् ? लोकदोहोरीको विकृतिले नेपाली समाजमा कस्तो परिवर्तन ल्याएको छ ? यस विकृतिको सांस्कृतिक र नैतिक असरको अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो । नेपाली समाज, लोक परम्परा र संस्कृतिमा प्रत्यक्ष असर पार्ने यस्ता गहन विषयमा पत्रपत्रिका तथा टेलिभिजनबाट कतै सामान्य जानकारी पाइएता पनि अनुसन्धानात्मक तथा प्राज्ञिक लेख कतै नभेटिएकोले यस विषयमा अध्ययन अनुसन्धान गर्नुपर्ने जरुरी देखिएकोले यो आलेख तयार गरिएको छ । यो लेखलाई थप प्रभावकारी र प्रामाणिक बनाउन प्रथम श्रोतको रूपमा लोकदोहोरी*

*गीतसंग सम्बन्धित अग्रज कलाकार, समकालीन गायक र गायिकाहरू सँगको अन्तरसंवाद र टेलिभिजन कार्यक्रमहरूमा देखिएको प्रतिक्रियाका आधारमा प्रथम तथा द्वितीयक स्रोतबाट अवलोकनात्मक र अनुसन्धानात्मक बिधिबाट सामग्री संकलन गरी यो लेख तयार गरिएको छ । यो अध्ययनले नेपाली लोकदोहोरी गीतसँग सम्बन्धित अध्येता र कला संगीतका विद्यार्थीहरूलाई समेत फाइदा पुऱ्याउनेछ । नेपाली लोकदोहोरी क्षेत्रलाई माया गर्नेहरूलाई समेत थप उपयोगी हुनेछ ।*

**शब्दकुञ्जी :** लोकदोहोरी, विकृति, सांस्कृतिक, नैतिक, मौलिकता, विश्लेषण ।

## परिचय

गीतको बारेमा धेरैलाई जानकारी छ तथापी गीतको बारेमा सैद्धान्तिक हिसाबले बुझ्ने र बुझाउन सक्नेहरू कमै छन् । कृष्णहरि बरालका अनुसार गीत अत्यन्त प्राचीन विधा हो, यसले विकासको प्रारम्भिक अवस्थामा मौखिक परम्पराबाट एक पिढिबाट अर्को पिढितिर सरेर आफ्नो अस्तित्वलाई कायम राखेको पाइन्छ । संसारमा भएका लोकगीतहरू यसै परम्पराबाट विकसित भएका हुन र हुदै पनि छन् (बराल, २०६०) । लोकगीत र लोकदोहोरी गीत लोकसाहित्यको महत्त्वपूर्ण विधा हुन् । लोकगीत नेपाली समाजको पहिचान हो । धर्मराज थापाका अनुसार लोकगीत समाजको ऐना हो, जसमा राष्ट्रिय जातीय र सामाजिक साहित्यिक छायाँ उत्रेको हुन्छ (रावल, २०६३) । यज्ञराज उपाध्यायका अनुसार लोकगीत लोक साहित्यको प्रमुख विधा हो । यो अरू विधाभन्दा समृद्ध र विस्तृत पनि छ । स्वच्छ लोक भावनाले ओतप्रोत लोकशैली र लोक भाषामा लोक कलाकारको मुखारविन्दबाट अभिव्यक्त हुने लोकको ढुकढुकीलाई लोकगीत भनिन्छ (उपाध्याय २०८०) । लोकगीत र दोहोरी फरक धार भएपनि लोकदोहोरी लोकगीतकै विशेष शैली हो । लोक भनेको लोक अर्थात् जगत ब्रह्माण्ड बृहत ठूलो संसारको रूपमा बुझ्न सकिन्छ भने अर्को अर्थमा लोक भनेको कुनै पनि देश, त्यो देश र समाजमा बसोबास गर्ने जनताहरू भन्ने विविध अर्थ लगाउन सकिन्छ (कोइराला, २०८१) । गीत भनेको भावनात्मक कुराहरूलाई लयात्मक तरिकाले अभिव्यक्त गर्ने शैली हो । आफ्नो रूप र विधा आफैले जन्माउने प्राकृतिक कविता नै लोकगीत हो । जसमा माटोको सुगन्ध हुन्छ, वनपाखाको भाका हुन्छ । जनजीवनका लयहरू पुस्तान्तरण भइरहेका हुन्छन् (रेग्मी, २०८०) । लोकगीत लोक साहित्य अन्तर्गत पर्दछ । चुडामणि बन्धुका अनुसार लोकसाहित्य अलिखित हुन्छ । यो मुख परम्पराबाट मौलाएको हुन्छ । श्रुति परम्परामा सरल तथा सहज रूपले फैलिएको हुन्छ । बिर्सिने डरले केहि मात्रामा टिपोट गरिएपनि र संकलन समपादन गरी केहि मात्रामा छापिएपनि समूदायमा अलिखितरूपमा जीवीत रहेको छ र गतिशिल छ भने त्यो लोकसाहित्य नै हुन्छ (बन्धु, २०५८) ।

"दोहोरीगीत भनेको त्यही लोकगीतको शैलीलाई सवाल जवाफ मार्फत प्रश्न उत्तर दिई गाइने खेल वा शैली हो" प्रजापति पराजुली (प्रत्यक्ष अन्तर्वार्ता) । हरिदेवी कोइरालाका अनुसार विकृति भनेको कुनै पनि मौलिकपन अर्थात् मूल चिज वस्तु या परम्परालाई बिगार्नु नकारात्मक भावले प्रस्तुत गर्नु, तोडमोड गर्नु भन्ने अर्थ लाग्दछ । विकृति प्राकृतिक पनलाई बिगार गर्ने समाजको एउटा घातक भाईरस जस्तो हो"(प्रत्यक्ष अन्तर्वार्ता) ।

परम्परागत रूपमा लोकगीतमा मादल, सारङ्गी र बाँसुरी जस्ता बाजाहरू प्रयोग गरिन्छ भने लोकदोहोरीमा पनि मादल सारङ्गी बाँसुरी लगायत आजभोलि अन्य बाजाहरू समेत थप प्रयोग गरिन्छ । जब लोकगीतलाई सवाल जवाफ दोहोरो तर्फबाट गाइन्छ, त्यो गीत दोहोरीगीत बन्छ । नेपाली दोहोरी गीतहरू विविध भाकाहरूमा प्रस्तुत गरिन्छ । यी भाका प्राय: विभिन्न क्षेत्रीय सांस्कृतिक विशेषताहरूलाई प्रतिनिधित्व गर्छन, जस्तै : सोरठी, ठाडो भाका, कौडा, झ्याउरे, देउडा, खेली, रोइला, यी भाकाले नेपाली सांगीतिक समृद्धि र विविधतालाई उजागर गर्छन् । नेपाली दोहोरी गीतहरूको आका/ धेरै फराकिलो र विविधता छ ।

नेपाली संगीतको विकाशसँगै विकृतिको बारेमा पनि चर्चा हुन थालेको छ । कालिभक्त पन्तका अनुसार आफ्नो देशको संस्कृतिक मासियो भने देशै पनि कमजोर हुन जान्छ । जति जति देशको राष्ट्रिय संस्कृति बलियो हुदै जान्छ उतिउति देश अभेध्य र शक्तिशाली बन्छ (पन्त २०२८:३) । नेपाली दोहोरी गीतको विकाससँगै आएको विकृतिहरूमा विधागत विकृति, गायन परम्परामा विकृति, जातीय र सांस्कृतिक असंवेदनशीलता, प्रविधिको प्रभाव सञ्चार माध्यम र प्रचारमा असंवेदनशीलता, कला र संस्कृतिको संरक्षण यो अवस्थालाई सुधार्नका लागि सांस्कृतिक संस्थाहरू, सङ्गीतकर्मीहरू, र सञ्चार माध्यमहरू बीचमा समन्वय र विचार विमर्श आवश्यक छ (न्यौपाने, २०७६) ।

त्यही मौलिकपन, सांस्कृतिक भूमिका बोकेको लोकगीत र लोकदोहोरीमा आएको विकृतिको बारेमा य; अध्ययन गरिएको छ । नेपाली लोक दोहोरीमा के के विकृतिहरू भित्रिएका छन् ? यस्ता विकृतिहरूले सांस्कृतिक र नैतिक दृष्टिकोणमा के-कस्तो असर गरेका छन् ? लोक दोहोरीको विकृतिले नेपाली समाजमा कस्तो परिवर्तन ल्याएको छ ? यी विकृतिको सांस्कृतिक र नैतिक असरको अध्ययन गर्नु यो लेखको मुख्य उद्देश्य रहेको छ । तिनै प्रश्नको उत्तर खोज्न अग्रज लोकदोहोरी गायक, कलाकार , सम्बन्धित स्रष्टाहरू र समकालीन गायकहरूसँगको अन्तर्वार्ता मार्फत अझ प्रष्ट्याउने कोसिस गरिएको छ भने सामाजिक सञ्जाल युट्युब टेलिभिजन देखि सम्बन्धित क्षेत्रका जानकारहरूको प्रतिक्रियाबाट समेत मूल्याङ्कन गर्दा निम्न उत्तर आएको छ । लोकदोहोरीमा आएका विकृतिहरूले सांस्कृतिक र नैतिक दृष्टिकोणमा के कस्तो असर गरेका छन् ?

**अध्ययन विधि**

यो लेखलाई थप प्रभावकारी र प्रामाणिक बनाउन प्रथम श्रोतको रूपमा लोकदोहोरी गीतसंग सम्बन्धित अग्रज कलाकार ,समकालीन गायकहरू सँगको अन्तरसंवाद अनि शामाजिक संजाल देखि टेलिभिजन कार्यक्रमहरूमा देखिएको प्रतिक्रियाका आधारमा प्रथम तथा द्वितीयक स्रोतबाट अबलोकनात्मक र अनुसन्धानात्मक बिधीबाट सामग्री संकलन गरी यो लेख तयार गरिएको छ ।

**व्याख्या तथा विश्लेषण**

सांस्कृतिक शोधकर्ता तथा लोक दोहोरी गायक वैकुण्ठ महतका अनुसार विकृति भनेको कुनै कुराको बिगार हो । परम्परागत मान्यतामा आएको नकारात्मक परिवर्तनलाई विकृति भनेर बुझ्ने गरिन्छ ।

विकृतिलाई निरपेक्ष नभई बुझ्नेहरूको मनोविज्ञानको सापेक्षतामा अभिव्यक्त गरिएको पाइन्छ त कतै परिवर्तनलाई पनि विकृति करार गर्न खोजिएको देखिन्छ । यद्दिप नेपाली लोकदोहोरीमा आएका विकृति भनि समाजले बुझेको विषयको सांस्कृतिक र नैतिक असरको बारेमा बूँदामा यसरी लेख्न सकिन्छ ।

१ सांस्कृतिक असर

- क) मौलिकता हराउँदै जानू
- ख) नकारात्मक तथा व्यक्तिगत टीका टिप्पणी समेत गीतमा आउनु
- ग) भडकीलो पोशाक भिडियोमा प्रयोग हुनु
- घ) आम्दानी गर्नै पर्ने उद्देश्यले मिथ्या प्रचार गरिनु

२) नैतिक असर

- क) यौन कथामा बढि केन्द्रित गीत हुँदा सामाजिक सम्मानमा कमी आउनु
- ख) गुणस्तरको पहिचान क्षमता ह्रास हुनु
- ग) हिनताबोधको विकास हुनु
- घ) रहरबाट पेसा बन्न नसक्नु

(प्रत्यक्ष अन्तर्वार्ता)

लोक तथा दोहोरी गीतका गायक तथा दोहोरी गीतलाई मुख्य रूपमा अगाडक्ी ल्याउन भूमिका खेलेका अग्रज गायक प्रजापति पराजुलीका अनुसार खास नेपालमा लोकगीत दोहोरीको विकृति दोहोरी साँझबाट सुरु भएको मानिन्छ । कलाकारहरूलाई जे पायो त्यही गाउन लगाउनुपर्ने बाध्यता, ग्राहकहरूलाई खुसी पार्नको लागि जे पनि गर्दिनुपर्ने बाध्यता छ । मेला महोत्सवहरूमा भर्खरका केटा केटीहरू आउने, जे पायो त्यही गाउने वाहा वाहा को लागि ,तालीको लागि जे पनि गर्ने ,जसरी पनि नाच्ने जसरी पनि गाउने गर्दा नकारात्मक रूपमा लिन थालियो । अर्को कुरा वास्तवमा आधुनिक पप गीतमा गाउँदा मान्छेलाई त्यहि शब्द स्वीकार हुन्छ भने लोकदोहोरी गाउँदा मान्छेलाई अस्वीकार हुन्छ । त्यही गीत आधुनिक पप शैलीबाट गाइयो भने छाडा शब्द पनि स्वीकार्य हुने र लोकदोहोरीमा त्यही कलाकारले त्यहि गीत गायो भने अस्वीकार्य हुने चलन पनि छ । दर्शकहरूमा पनि सकारात्मक कसैसँग नकारात्मक सोच पैदा हुन थाल्यो । दोहोरी सुन्दै गर्दा पैसाको लागि जस्तो पनि गीत गाइदिनुपर्ने बाध्यता, स्वर राम्रो नभए पनि आयोजकको चिनजानको आधारमा कार्यक्रममा बोलाईदिने, टेलिभिजनका कार्यक्रम सस्तो लोकप्रियताको लागि कार्यक्रमहरू गरिए । त्यस्ता कार्यक्रमहरूले पनि एकदमै छाडा गीतगाउने कलाकारहरू स्टेजमा स्थान दिने ,कपडा माथि माथि सारेर पाइन्टहरू माथि माथि सारेर, ब्लाउजहरू टाँक खोलेर गाउने, कलाकारहरूलाई प्राथमिकता दिन थालियो । राम्रो गीत गाउने कलाकारहरूसँग त फोटो पनि खिच्न नमान्ने, कार्यक्रममा त्यति कुनै वास्ता नगर्दा यो प्रवृति मौलाएको पाइन्छ । छाडा गीतगाउने कलाकारहरूलाई मिडियाले पनि अत्यन्तै चर्चामा ल्याइदिने, सबैले उनीहरूको फोटो हाइलाइट गरेर अगाडि राख्दिने, त्यही भएर आजभोली परिवारसँग, आमा बुवासँग,

दिदीबहिनी, दाजुबासँगै बसेर सुन्न नमिल्ने गीतहरू सिर्जना भए । राजनीतिक चाकडी गर्नेले अवार्ड पाउन थाले । राम्रो साधकले स्टेज कम पाउन थाले, राम्रो साधकले कुनै पनि सम्मानहरू नपाउने, चिनजान र भनसुनका आधारमा र राजनीतिक पहुँचका आधारमा चर्चा परिचर्चाले लोकदोहोरी, लोकगीतको अनि कला संस्कृतिको चाहिँ धरातल गिर्दै गयो । अर्को लोकदोहोरीमा विकृति आउनुको कारण भिडियो निर्देशकहरू पनि हुन् । भिडियो निर्देशकहरूले गीतले भन्न खोजेको कुरा एउटा ,भिडियोमा अर्कै कुरा देखाइदिने उत्ताउलो पाराले प्रस्तुत गर्दिने र छाडा, छोटा छोटा कपडाहरू लगाएर र दर्शकहरूलाई आकर्षक देखाउनको लागि छाडा शैलीका भिडियोहरूले पनि एकदम नेपाली लोक दोहोरीको गीतमा विकृति आउनुको मुख्य कारण हो (प्रत्यक्ष अन्तवार्ता) .

अग्रज लोक गायक कुमार बस्नेतका अनुसार, अहिलेको लोकदोहोरीको अवस्था अत्यन्त डरलाग्दो र विकराल छ । नेपाली संस्कृति अत्यन्तै पीडादायक अवस्थामा छ । अहिलेको छाडापन कसैले कसैलाई नटेर्ने र जे मन लाग्यो गाउने जे मन लाग्यो गर्ने भिडियो बनाउने प्रवृत्तिले गर्दा नेपाली संस्कृति डुबानमा पर्ने अवस्था छ -टेलिफोन अन्तर्वार्ता) ।

लोक तथा दोहोरी गायक पुरुषोत्तम न्यौपानेका अनुसार दोहोरी तथा लोक दोहोरीको प्रथाले नेपाली धेरै कलाकारहरू बाँच्ने आधार भएको छ । धेरै कलाकारहरूले आफ्नो संस्कृतिलाई जोगाइरहनुभएको छ । लोकदोहोरी बिगार्नमा सबै कलाकारहरूको हात छैन तर केहि कलाकारहरूको जिम्मेवारी भने अवश्य छ । दोहोरी साँझमा पाहुनाहरूलाई रक्सी खाएकोबेला खुसी बनाउने प्रथाले गर्दा लोकदोहोरीमा विकृति आएको छ । अर्को कुरा भिडियोलाई व्यापार गर्न थालियो प्रतिस्पर्धामा जान थालियो दुई पैसा कमाउने र बाँच्ने लोभले गर्दा हाम्रै कलाकारले बाटो बिराउँदा यो विकृति आएको कुरा नकार्न मिल्दैन । मेला महोत्सवमा बिक्नको लागि, युट्युबलाई बिकाउनको लागि, गीतमा नाटकीय रूपमा गाउने, संस्कृति बिगार्ने, जसलाई संस्कृतिको माया छैन पैसाको मात्रै माया छ, भोलि म मर्नु पर्ला, बुढो हुनुपर्ला, भोलि भविष्यका सन्ततिले के भन्लान भन्ने समेत नसोचेर आफ्नो नितान्त व्यक्तिगत स्वार्थको लागि मर्म विपरीत गाएर म मात्र बाँच्न पाउनुपर्छ अरू जेसुकै होस् भन्ने जसले सोच्यो उसले नै यो बिगारेको जसलाई आफ्नो इज्जत र संस्थाको माया छैन बाटो बिराएको छ नेपाली संस्कृति बिगारेको हो -प्रत्यक्ष अन्तवार्ता) ।

नेपाल टेलिभिजनमा लामो समय लोकदोहोरी कार्यक्रम सञ्चालन गरेर लोकदोहोरी क्षेत्रलाई अत्यन्त ठूलो टेवा प'्याएका हाल अमेरिका निवासी लोक तथा दोहोरी गायक रामप्रसाद खनालका अनुसार नेपाली लोकदोहोरी गीतमा आएको विकृतिले सांस्कृतिक र नैतिक रूपमा हर हिसाबले असर गर्छ । लोकगीत भनेको लोकको गीत हो । लोक दोहोरी भनेको लोकको दोहोरी हो । यसले सांस्कृतिक र नैतिक दृष्टि अत्यन्तै ठूलो असर गर्छ । अब त परिवार सँगै बसेर लोकदोहोरी गीत सुन्न, हेर्न नमिल्ने अवस्था भयो। सबैलाई एउटै घानमा हाल्न त मिल्दैन धेरै राम्रा पक्षहरू पनि छन् -प्रत्यक्ष अन्तवार्ता) .

लोकगीत र दोहोरीमा समाज बोलेको हुनुपर्छ । सामूहिक रूपमा सबै परिवार बसेर हेर्न मिल्ने हुनुपर्छ र समाजमा अत्यन्तै राम्रो सन्देश दिने खालका र सुखदुखका भाकाहरू बोलिनुपर्छ । अहिले त्यो अवस्था छैन लोकदोहरी अत्यन्त बिगारेको अवस्था छ .

लोकगीत र दोहोरी गीत गाएर चर्चामा आएका लोक गायक बद्री पंगेनीको भनाई अनुसार यो दोहोरी गीत कहिलेबाट सुरु भयो, कहाँबाट सुरु भयो, ठ्याक्कै भन्न सक्ने अवस्था छैन । नेपाली लोकसंगीत र लोकदोहोरी अगाडि ल्याउन सबैले अग्रजदेखि समकालीन गायकहरूले आआफ्नै भूमिका खेल्नुभएको छ । नेपाली लोकगीत लोक दोहोरी गीतमा परिवर्तन आएको छ । समयसँगै हुने केही परिवर्तनलाई रोक्न सकिँदैन बाजागाजादेखि धेरै परिवर्तन अहिले लोकदोहोरीमा आएको छ । पहिले म्युजिक भिडियो भन्ने थिएन, अहिले म्युजिक भिडियोको अनिवार्यता भएको छ । दोहोरीमा प्रयोग हुने शैली र शब्दहरूमा एकदमै परिवर्तन आएको छ । पहिला लोक दोहोरी सुख दुःख गाउँले जीवनको भोगाई अभावहरू त्यस्ता कुरामा केन्द्रित हुन्थे केही माया प्रेमका गीतहरू हुन्थे, अहिले बढी यौनिकतामा गएको देखिन्छ, यसको कारण सुन्नेबाट हेर्नेमा परिवर्तन भयो यो परिवर्तनलाई दुई धारबाट हेर्न सकिन्छ । एउटा पक्ष गीत सङ्गीतको प्राचीन मौलिक धार नै हुनुपर्छ र त्यही धारबाटै जानुपर्छ आफ्नो परम्परागत संस्कृतिलाई मार्नु हुँदैन भन्ने छ । अर्को पक्ष भनेको समयअनुसार चल्नुपर्छ समयअनुसार परिवर्तन गर्नुपर्छ कुनै पनि व्यक्तिगत अधिकार र सङ्गीतलाई अंकुश लाउन मिल्दैन ।

जसले लोकदोहोरी बुझेका छन उनिहरूले जीवनभर लोक संस्कृतिलाई बचाउन लागेका छन । अमेरिकादेखि आन्ना स्टारसम्म आएर लोकदोहोरीमै पीएचडी गरेकी छिन् । लोकदोहोरीलाई राज्यले कुनै महत्त्व दिएको छैन, सांस्कृतिक महत्त्व बुझाइएको छैन । लोक दोहोरीलाई हेर्ने कुनै सरकारी निकाय नहुनु भनेको अत्यन्तै दुःखद विषय हो -टेलिफोन अन्तर्वार्ता) .

नेपाली लोकगीत सङ्गीतकी चर्चित अग्रज गायिका तथा साहित्यकार हरिदेवी कोइरालाका अनुसार लोकदोहोरी गीतमा विकृति आएको कुरा सत्य हो । लोकगीत, लोकसंस्कृति हाम्रा पुर्खाहरूले दिएको सौन्दर्यता त्यो मिठास हो ।

लोक गीतमा के छैन ? लोकगीतमा हाम्रो समग्र जीवनको दर्पण छ । लोकगीतमा हाम्रो भूगोलको चित्रण छ । लोकगीत समग्र भूगोल हो । लोक गीतको संरचनाहरू त्यस्तै छन् भेषभुषा, रितिरिवाज, चालचलन, समाजका कथाव्यथा सबै लोकगीतको परिवेशमा झल्किन्छ । गाउँपाखा भूगोल हिमाल पहाड तराईसम्म आआफ्नै लोक परम्परा छ । हिमालमा लोक सङ्गीतको छुट्टै परम्परा छ, पहाडमा छुट्टै परम्परा छ भने तराईमा छुट्टै लोकसंगीतको परम्परा छ । हाम्रो भूगोलको प्रकृति फरक छ?प्रकृति अनुसारका लोक भाकाहरू छन् लोकगीतले भूगोलका कुरा सिकाउँछ, गणितका कुरा सिकाउँछ, जस्तै सवाल जवाफ हुन्छ, तार्किकता सहितका गीतहरू प्रस्तुत हुन्छन् । लोकदोहोरीमा दर्शन हुन्छ, सौन्दर्यता हुन्छ र अन्तस्करणको आत्मीय भाव हुन्छ । लोकगीत समाज र राष्ट्रको बिम्ब हो । लोक गीतबाट त्यहाँको वास्तविकता संस्कृति भौगोलिक परिवेश सबैलाई चित्रण गर्न सकिन्छ ।

लोकगीत जस्तो यस्तो गहन विषयलाई राष्ट्रको अस्तित्वसँग जोडिएको चिजलाई बचाउनु सबैको जिम्मेवारी हो । लोकगीत आमा हुन्, लोकगीत नेपालको माटो हो । जसरी आमाको मूल्य छैन, आमाको भार तिर्न सकिँदैन ,हामीले लोक संस्कृति पनि भार तिर्न सक्दैनौँ । लोक संस्कृति, लोकगीत, लोकपन, संस्कृति हो, भाषा हो र वाङ्मय हो । यो कुनै खेलौना होइन । यसलाई समाजको चेतनाको रूपमा राष्ट्रले विकास गर्नुपर्छ । तर राष्ट्रले सम्बोधन गरेको पाइँदैन, यो राष्ट्रको दायित्व हो। मुख्य कुरा मानिसको नैतिकता हो । नैतिकता र धर्म उस्तै हो । आगोले धर्म छोडे के हुन्छ? आगोले धर्म छोडे, खाना पकाएर खान सक्दैनौ । जीवन सम्भव छैन हामीले जन्म दिने आमालाई जसरी सम्मान गरिनुपर्छ र पुजिनुपर्छ । सबैले आफ्नो नैतिकता बुझ्नेन भने समाज पतन हुन्छ । गीत संगीतमा पनि हामीले परिवारलाई के सन्देश दिने ? धर्म ,जातीय संस्कार, मृत्यु संस्कार, १६ संस्कार ,चाडपर्वमा गाइने गीत, फरक फरक महत्त्व छ । यी चिजहरूलाई कतिसम्म जोगाउन सकिन्छ, हामीले अर्थ आर्जनको लागि जथाभावी प्रयोग गर्दा लोक सङ्गीतको विशेषता खलबलिएको छ । यस्ता कुरा अग्रज भाइबहिनीहरूले अग्रज कलाकारहरूले सिक्न बुझ्न जरुरी छ र बुझाउन जरुरी छ । कतिले जानीजानी गल्ती गरेको देखिन्छ भने कसैले नजानेर पनि बिगारेको पाइन्छ । हाम्रो मूल संस्कृतिलाई जोगाउन जरुरी छ । सबैभन्दा ठूलो राष्ट्रभाव हो, राष्ट्रप्रेम हो । हाम्रो राष्ट्र बच्यो भने भविष्यका सन्ततिहरू समेत सुखी हुनेछन्, खुसी हुनेछन् यो हामीले महसुस गर्नुपर्यो । तर आफ्नो संस्कृति जतन भएन भने हामीलाई ठूलो असर पर्न जान्छ । यो भावनात्मक कुरा हो हाम्रो देशमा सिकाउने, सिक्न खोज्ने परम्परा अत्यन्त कम छ । हाम्रो छिमेकी राष्ट्र भारतमा कस्तो राष्ट्रप्रेम सिकाइन्छ ? हामीले पनि त्यो कुरा सिक्न बुझ्न जरुरी छ । नेपालमा संस्थाहरू धेरै छन् नाम मात्र छन् र सम्पूर्ण लोक दोहोरीको लोकसंगीतको जगेर्ना गर्न अनुसन्धान गर्न जरुरी छ -हरिदेवी कोइरालाकासँग टेलिफोन वार्ता) .

अन्तर्वार्ताबाट प्राप्त निष्कर्षहरू लोकदोहोरीमा विकृति भित्रिनुको कारण विविध छन् । अग्रज कलाकारहरूको अनुसार, दोहोरी साँझमा व्यक्तिगत लाभका लागि जे पायो त्यही गाउनुपर्ने बाध्यता, युट्युबमा लाइक र भ्युजको होडबाजीले गर्दा गीतहरूको गुणस्तर र नैतिकता खस्किएको छ । सांस्कृतिक र नैतिक दृष्टिकोणमा विकृति बढ्दै गएको छ । धेरैजसो दोहोरी गीतहरू यौनिकतामा केन्द्रित हुँदा परिवारसँगै बसेर सुन्न नसकिने अवस्थामा पुगेको छ ।

लोकगीत र लोकदोहोरीमा समाज बोलेको हुनुपर्छ सामूहिक भावना बोकेको शामाजिक यथार्थ बोकेको हुनु पर्दछ ,पारिवारिक रूपमा हेर्न र सुन्ने मिल्ने हुनुपर्छ । त्यही मौलिकता र दोहोरीमा आएको विकृतिको बारेमा यो आलेख तयार पारिएको छ लोकगीत भनेको लोक अर्थात् जगत ब्रह्माण्ड बृहत ठूलो संसारको रूपमा बुझ्न सकिन्छ भने अर्को अर्थमा लोक भनेको कुनै पनि देश त्यो देश र समाजमा बसोबास गर्ने जनताहरू भन्ने विविध अर्थ लगाउन सकिन्छ । गीत भनेको भावनात्मक कुराहरूलाई लयात्मक तरिकाले अभिव्यक्त गर्ने शैली हो । दोहोरी गीत भनेको त्यही लोकगीतको शैलीलाई सवाल जवाफ मार्फत प्रश्न उत्तर गरी गाइने खेल नै शैली हो । विकृति भनेको कुनै पनि मौलिकपन अर्थात् मूल चिज वस्तु या परम्परालाई बिगार्नु नकारात्मक भावले प्रस्तुत गर्नु, तोडमोड गर्नु भन्ने अर्थ लाग्दछ । नेपाली लोक संस्कृति अत्यन्त

प्राचीन र मौलिक छ । प्राचीनकालदेखि नै नेपालमा संगीत लोकसंगीत र लोकगीतलाई सवाल जवाफका रूपमा प्रस्तुत गर्ने शैली प्रचलनमा आएको मानिन्छ तर लोकदोहोरी गीत कहिले र कहाँबाट सुरु भयो? ठ्याक्कै भन्ने अवस्था छैन । तर लोकगीत र लोकदोहोरी नेपाली समाजमै हो जन्मिएर समाजमै हुर्किएर मौलाएको आफ्नै परम्परामा आधारित लोक शैली हो। लोकगीत लोक साहित्यको सबैभन्दा प्रचलित परम्परा हो। लोकगीत र लोक दोहोरीमा समाजको सुख दुःख हाँसो खुसी पीडा घटनाक्रमहरू अनि सामाजिक यथार्थतालाई टपक्क टिपेर गाइने परम्परा हो । तर समयको क्रमसँगै र प्रविधिको विकाससँगै त्यस्तो मौलिक परम्परालाई तोडमोड गरेर विकृति ल्याइएको मानिएको छ । त्यसको प्रमाण लोकदोहोरी प्रतियोगितामा गाइने छाडा शब्दहरू दोहोरी साँझमा प्रस्तुत हुने शैली र गायन अनि युट्युब र लाइभ दोहोरीका नाममा हुने प्रमाण रहेका छन् र युट्युबदेखि सामाजिक सञ्जालमा आउने दर्शकहरूका नकारात्मक प्रतिक्रिया श्रोता दर्शकहरूको असन्तुष्टिका प्रमाणहरू हुन् । हुन त समयक्रमसँगै विश्व परिवेश र परम्परा अनुसार हरेक राष्ट्र र समाजमा प्रभाव परेको हुन्छ। प्रविधिको विकासले हिजो जस्तो आज नहुन सक्छ,उस्तै समाज र कला प्रस्तुत गर्ने शैली फरक हुन सक्छ । बाजाहरू थपिन सक्छन् एउटा देश र परिवेश अनि बाजा र अर्को देशको मा प्रयोग हुन सक्छ । कतै अन्य संस्कृतिको प्रभाव परेको पनि हुनसक्छ । तर कुनै पनि देश र समाजको आआफ्नै नैतिक मूल्य र मान्यता, धर्म संस्कृति अनि सामाजिक परम्परालाई अपाच्य हुने गरी गाइने, प्रस्तुत गरिने गीतहरू विकृतिका सूचक मानिन्छन् । त्यो कुरा नेपालमा अहिले निकै मौलाउँदो छ । छिटो चर्चामा आउने लोभमा अरूको देखासिखी अध्ययन र अनुसन्धानको कमी ,शिक्षाको कमी ,नैतिकतामा गिरावट छिटो ,पैसा कमाउने लोभ ,कसैले कसैको अस्तित्व नस्वीकार्ने जस्ता कुराहरूले समाजमा नमिठोपन आउनु स्वभाविक हो। कुनै पनि देश र समाजका जनता अनि शासकीय अवस्था कस्तो छ त्यो देशको लोक परम्परा र संस्कृतिबाट झल्किन्छ । छाडा र अश्लिल शब्द अनि बेसुरपन भएका कलाकारहरू जन्मनु र मौलाउनु , दुर्भाग्य मानिन्छ ।नेपालमा यो प्रथा अत्यन्त हावी भएको देखिएको छ। समयअनुसार प्रविधिको प्रयोग ,बाजागाजा केही परिवर्तन भएतापनि आफ्नो मूल मर्म नै मर्ने गरी संस्कृतिलाई दोहोरी गीतमा प्रस्तुत गरिनु समाजकै लागि दुर्भाग्य हो। यसको सुधारको लागि सरकारी तवरबाट नै पहल हुन जरुरी छ । जोसँग नैतिकता र नियम हुँदैन त्यहाँको मानिस लगाम बिनाको घोडा जस्तो हुने गर्दछ नैतिकता म के हुँ मैले के गर्न पर्ने हो भन्ने कुरा बुझाउन जरुरी छ खुला अधिकारको नाममा अपाच्य र लाजमर्दो हर्कत अत्यन्त पतनमुखी बाटो हो ।

**निष्कर्ष**

नेपाली लोक दोहोरी गीतको सुरुवात कसरी भयो? ठ्याक्कै भन्न सक्ने अवस्था देखिएन । मानव समाज सभ्यता र संस्कृतिको सुरुवातसँगै त्यो ठाउँ र समाजको आफ्नो रितिरिवाज र परम्परासँगै मौलिक लोक परम्परा संस्कृति र संस्कार संगै हुर्कँदै गयो । लोकदोहोरीको परम्परा कसरी कुन दिन सुरु भयो समय यकिन नभएतापनि समाजको सभ्यताको विकाससँगै भएको अनुमान लगाउन सकिन्छ । नेपालमा व्यवसायिक रूपमा लोकदोहोरीको सुरुवात प्राचीन अवस्थामा विभिन्न परम्परा रोधीघर बस्ने, भजन गाउने देखि विभिन्न परम्परामा सवाल जवाफ या दोहोरी गाइन्थ्यो । लोकदोहोरी व्यवसायिक रूपमा विं स. २०३८

सालदेखि प्रारम्भ भएको पाइयो । विं स. २०३८ सालमा राष्ट्रिय खेलकुद परिषद्को स्थापना लोकदोहोरीलाई पनि खेलको रूपमा विस्तारित गर्ने परम्परा थालनी भएको देखिन्छ । विभिन्न अग्रदेखि समकालीन कलाकारहरूले लोक दोहोरीको विस्तार र जगेना गर्दै आजसम्मको दिनमा ल्याएको पाइयो । लोकदोहोरीमा समाज बोलेको हुनुपर्छ, सामूहिक भावना बोकेको शामाजिक यथार्थ बोकेको हुनु पर्दछ, पारिवारिक रूपमा हेर्न र सुन्ने मिल्ने हुनुपर्छ । लोकदोहोरीमा देखापरेको विकृतिहरू मुख्यत दोहोरी साँझमा पाइयो। विकृति मुख्य रूपमा दोहोरी साँझमा ग्राहकहरू रिजाउने क्रममा अश्लिल शब्दहरूलाई बढक्की प्राथमिकता दिएको पाइयो भने विशेषगरी मेला महोत्सवमा छाडा गीत गाउने कलाकारहरूलाई बढी प्राथमिकतामा राखेको र चिनजानको आधारमा कलाकारहरू बोलाइने छोटा कपडा लगाएर नाच्ने गाउने अश्लिल कलाकारहरूलाई बढी प्राथमिकता ,पैसाको लागि जे पनि गर्ने जे पनि गाउने प्रवृति छ । युट्युब र लाइभ दोहोरीका नाममा एकदमै छाडा उत्सृङ्खल गीतहरू गाउने अस्वभाविक हाँसो देखाउने जस्ता कुराहरू प्रत्यक्ष रूपमा देख्न पाइन्छ ।

लोकदोहोरीसँग सम्बन्धित संस्था राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान लगायतका संस्थाहरूले बेलाबेलामा उनीहरूलाई र छाडापनलाई अंकुश लगाउने प्रयास गरिएता पनि छाडापन कमी भएको देखिएको छैन । यसको लागि सरकारी तवरबाट नै मुख्य पहल गर्नुपर्ने देखियो र राष्ट्रको कला सङ्गीत र संस्कृतिको जगेर्नाको लागि छुट्टै नीति नियम बनाउनुपर्ने अनुसन्धानमा देखियो । अहिले लोकदोहोरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म अत्यन्तै प्रचलित छ। देशदेखि विदेशका साङ्गीतिक र सांस्कृतिक कार्यक्रमहरूमा लोकदोहोरी गायक गायिकाहरूको अत्यन्तै माग छ । तर हामीले अन्तर्राष्ट्रियमा रूपमा नेपालको संस्कृतिलाई सभ्य तरिकाले प्रस्तुत गर्दा अन्तर्राष्ट्रिय छवि पनि उच्च बन्ने देखिन्छ । नेपाली लोक कला र संस्कृति जगेर्नाको लागि सरकारी तवरबाट पनि सकारात्मक कदम चालेको कम देखियो । राष्ट्रले कलाकारको हितमा कम काम गरेको देखियो ।

लोकदोहोरी गीतलाई लोक सांस्कृतिक धरोहरको रूपमा सम्मान गर्नु पर्दछ । लोकसंस्कृति ,लोकदोहोरी ,लोकगीत बिग्रयो भने समाज अनि हाम्रा सन्ततिहरू नैतिक रूपमा विचलित हुनेछन् । उनिहरू नैतिक रूपमा विचलित हुनु भनेको, समाजलाई ठूलो आघात पुर्याउनु हो । लोकदोहोरीलाई एउटा प्रेरणाको रूपमा महसुस गरिनुपर्दछ । जथाभावी जे मन लाग्यो त्यही गर्दा हाम्रो आफ्नो मौलिक कला संस्कृतिमा चोट पुग्दछ। कला सङ्गीत र संस्कृतिमा चोट पुग्यो भने हाम्रो भविष्यका सन्ततिहरूलाई समेत यसले आघात पुर्याउनेछ । खराब नजिर बस्नेछ । खराब संस्कृतिको उदय हुनेछ, यसले गर्दा नेपाली समाज अधोगतिको बाटोमा जानेछ । अध्ययन र अनुसन्धानमा ध्यान दिएको पाइएन । मेला महोत्सवमा हुने छाडापन र अश्लिल हर्कतलाई नियन्त्रण गर्नुपर्ने देखियो । यसैगरी छाडा संस्कृति मौलाउँदै गए हाम्रा प्राचीन धरोहरका रूपमा रहेका लोक संस्कृति, कला भेषभुषा र धार्मिक परम्पराहरू जातीय परम्पराहरू र मिलेर बसेको नेपाली समाजमा पक्कै पनि अस्वभाविक भाँडभैलो देखिने सम्भावना प्रचुर रहेको निष्कर्ष छ ।

## सन्दर्भ सूची

उपाध्याय, यज्ञराज (वि.सं.२०८०), *काली कर्णालीको लोकसाहित्य तथा संस्कृति,* बुकहिल पब्लिकेशन्स ।

कोइराला, निरज -२०८१_, जष्ठ ,२७) दोहोरी कलाकारको भिडन्त उत्कर्षम , भ्यूज र डलरको खत्ती, परिवारसंग बसर हेर्नै नसकिने कस्ता गीत, यो हो खबर :https://yohokhabar.com/2024/06/107488/

न्यौपाने, कुसुमाकर -२०७६ _ पौष,११ दोहोरीगीत सुकृति र विकृति आदर्श समाज . https://www.eadarsha.com/nep/article/

पन्त, कालिभक्त (२०२८), *हाम्रो सांस्कृतिक इतिहास* (तेस्रो संस्करण २०७८), कालिभक्त कृष्णा पन्त स्मृति प्रतिष्ठान नेपाल ।

बन्धु, चुडामणि वि.सं. २०५८), *नेपाली लोक साहित्य* , एकता बुक्स डिष्ट्रिब्युटस प्रा.लि.

बराल, कृष्णहरि (वि.सं.२०६०), *गीत सिद्धान्त र इतिहास* (द्धितिय संस्करण २०७९), विद्यार्थी पुस्तक भण्डार ।

रावल, बेनी जङ्गम (२०६३), सन्दर्भ : *लोकगीतका,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

रेग्मी, ध्रुवेश चन्द्र (२०८०), नेपाली संगीत दरबार, बुकहिल पब्लिकेसन प्रा.लि. ।

## अनुसूची

बैकुण्ठ महत, सांस्कृतिक शोधकर्ता (प्रत्यक्ष अन्तर्वार्ता) मिति २०८१/४/३० दिउसो २ बजे, अनामनगर ।

कुमार बस्नेत, अग्रज लोकगायक (टेलिफोन अन्तर्वार्ता) मिति २०८१/४/२७ कमलादी, दिउसो ३ बजे ।

प्रजापति पराजुली, अग्रज लोक तथा दोहोरी गायक (प्रत्यक्ष अन्तर्वार्ता) मिति २०८१/४/२७ होटल पौवा गौशाला, कठमाण्डौ समय बिहान ८ बजे ।

पुरुषोत्तम न्यौपाने, लोक तथा दोहोरी गायक (प्रत्यक्ष अन्तर्वार्ता) मिति २०८१/४/२७ होटल पौवा गौशाला, काठमाण्डौ समय बिहान ८ बजे ।

रामप्रसाद खनाल लोक तथा दोहोरी गायक (टेलिफोन अन्तर्वार्ता) मिति २०८१/४/३० कमलादी, दिउसो, १२.३० बजे ।

हरिदेवी लोकगायिका थ्था साहित्यकार् (टेलिफोन अन्तर्वार्ता) मिति २०८१/४/३१ कमलादी, समय बिहान ८ बजे ।

बद्री पंगेनी, लोक तथा दोहोरी गायक (टेलिफोन अन्तर्वार्ता) मिति २०८१/४/३० कमलादी, राति ९:३० ।